तपाईंले आफ्नो COVID खोप कार्ड पाउनुभएको छ: *अब के?*



तपाईं आफ्नो COVID-19 खोप लगाउनु हुँदा, तपाईं यसलाई प्रमाणित गर्न एक खोप कार्ड पाउनुहुन्छ। यसलाई सुरक्षित राख्नुहोस्! तपाईंले यसलाई आफ्नो क्रेडिट कार्ड, सवारी चालक अनुमति-पत्र वा राहदानीको रूपमा लिनुपर्छ। तपाईंको कार्ड एक समय तालिका रिमाइन्डर मात्र होइन त: यो एक आधिकारिक रेकर्ड हो जुन तपाईंलाई यात्रा, कार्यक्रममा पहुँच गर्न, तथा सम्भवतः बढाएको मात्राको लागि पछि आवश्यक हुन सक्छ।

धेरै वाशिंगटनका व्यवसायहरूले अब त्यस्ता व्यक्तिहरूको लागि इन्सेन्टिभ प्रदान गरिरहेका छन् जसले छुट, नि:शुल्क वा कार्यक्रमहरूमा उपयुक्त सिट जस्ता पूर्ण खोपको प्रमाणीकरण प्रमाण प्रदान गर्छन्। आफ्नो खोप कार्डलाई सुरक्षित गर्नुहोस् ताकि तपाईं यी विशेष प्रस्तावका लाभ उठाउन सक्नुहुन्छ।

तपाईंको खोप कार्ड सम्भाल्ने कुरा आउँदा यहाँ केही उपयोगी सल्लाहहरू दिइएका छन् भनी ध्यानमा राख्नुहोस्:

- मात्रा तथा त्यसपछि बिच आफ्नो खोप कार्ड **राख्नुहोस्।**
- डिजिटल प्रतिलिपि उपयोगी हुनको लागि आफ्नो कार्डको अगाडि र पछाडि फोटोहरू **लिनुहोस्।** यसलाई आफैँलाई ईमेल गर्न, एक एल्बम बनाउन, वा फोटोमा ट्याग गर्न विचार गर्नुहोस् ताकि तपाईं यो फेरि सजिलै फेला पार्न सक्नुहुन्छ।
- तपाईं एउटा सँगै लैजानुभएमा एक फोटोकपी **लिनुहोस्।**



- यसलाई **नफ्याँक्नुहोस्** वा नहराउनुहोस्!
- आफ्नो खोप कार्ड अनलाइन देखाउँदै सेल्फी पोस्ट **नगर्नुहोस्।** यसको सट्टा एक सेल्फी लिनुहोस् तथा हाम्रो डिजिटल स्टिकर (अंग्रेजी मात्र) #vaccinateWA वा #wadoh को लागि खोजेर प्रयोग गर्नुहोस्! ट्याग गर्न सम्झिनुहोस् @WADeptHealth.
- तपाईंको वास्तविक कार्ड ल्यामिनेट **नगर्नुहोस्।** तपाईं आफूसँग राख्न फोटोकपी ल्यामिनेट गर्न सक्नुहुन्छ।

तपाईंसँग अब तपाईंको रोग नियन्त्रण तथा रोकथामका लागि केन्द्रहरू (CDC) खोप कार्ड नभए के हुन्छ?

तपाईंले गलत ठाउँमा राख्नुभयो वा आफ्नो कार्ड हराउनुभएमा चिन्ता नगर्नुहोस्! तपाईंले आफ्नो COVID-19 खोपको नि:शुल्क अनलाइन आधिकारिक प्रमाणित प्रमाण पाउन सक्नुहुन्छ। MyIR वेबसाइट वाशिंगटन राज्यमा खोपको प्रमाणसम्म पहुँच गर्नको लागि एक आधिकारिक स्थितिको तरिका हो। तपाईंको प्रतिलिपि पाउन, www.MyIRMobile.com वा wa.MyIR.net मा तथा नि:शुल्क साइन अप गर्न, wa.MyIR.net मा जानुहोस्। तपाईंसँग पहिले नै MyIR खाता सेट अप भएमा, तपाईं पूर्ण तयार हुनुहुन्छ!

**कृपया MyIR मार्फत तपाईंको रेकर्डहरूमा प्रमाणिकरण तुरुन्त नहुन सक्छ, तथा पहुँच हालै अंग्रेजी भाषामा मात्र सीमित छ भनी ध्यान दिनुहोस्।*

भाषा सहायता, वा तपाईंको रेकर्डहरू प्राप्त गर्न मद्दतका लागि, तपाईंले खोप तथा बाल प्रोफाइलको कार्यालय (Office of Immunization and Child Profile) वाशिंगटन राज्यमा नियमित काम गर्ने समय 360-236-3595 मा फोन गर्न पनि वा waiisrecords@doh.wa.gov मा ईमेलद्वारा सम्पर्क गर्न सक्नुहुन्छ।

Washington State Department of Health

DOH 348-809 May 2021 Nepali

यो कागजातलाई अर्को ढाँचामा अनुरोध गर्नको लागि 1-800-525-0217 मा फोन गर्नुहोस् । बहिरा वा सुन्न गाह्रो हुने ग्राहकहरूले, कृपया 711 मा फोन गर्नुहोस् (Washington Relay) वा civil.rights@doh.wa.gov मा इमेल गर्नुहोस् ।